# रुकुमकोट जिल्ला अदालत

## आ.ब.२०७५/०७६ को

# बार्षिक कार्यान्वयन योजना




रुकुमकोट जिल्ला अदालत

रुकुम,(पूर्वी-भाग)

# विषय - सूची

## परिच्छेद - १

## रुकुमकोट जिल्ला अदालतको सामान्य झलक


| | |
|---|---|
| १.१ परिचय | १ |
| १.२ योजना तर्जुमा तथा कार्यान्वयन समिति | २ |
| १.३ जनशक्तिको अवस्था | २ |
| १.४ अदालतको भौतिक अवस्था | ३ |
| १.५ मेसिनरी सामानहरुको अवस्था | ३ |
| १.६ चालु मुद्दाको समीक्षा | ४ |
| १.६.१ आ.व. २०७४\०७५ मा यस अदालतमा रहेको मुद्दाको लगत | ४ |
| १.६.२ फैसला हुन बाँकी मुद्दाको अवधिगत बाँडफाँडः | ४ |
| १.६.३ फैसला कार्यान्वयन तर्फको विवरण | ५ |


## परिच्छेद - २

## तेश्रो पञ्चवर्षिय रणनीतिक योजनाको परिदृष्य, परिलक्ष्य र मुल्यहरु


| | |
|---|---|
| २.१ लक्ष्यहरुको निर्धारण | ६ |
| २.२ लक्ष्य प्राप्तिका रणनीतिहरु | ६ |
| २.३ सहयोगी (Supportive) रणनीतिहरु | ७ |


## परिच्छेद- ३

## आ.ब. २०७४-०७५ को बाँकी तीन महिनाको बार्षिक कार्यान्वयन योजना


| | |
|---|---|
| ३.१ कार्य सम्पादनको सूचक, समयावधी  र जिम्मेवारी | ८ |
| ३.२ कार्ययोजना लागु गर्ने प्रयोजनका लागि लक्ष्य निर्धारण | १० |
| ३.३ लक्ष्य निर्धारण फारामहरु (१ देखि १२ सम्म) | १०-२२ |


## परिच्छेद- ४

## समस्या, चुनौती, भईरहेका प्रयास र हाम्रो अपेक्षा


| | |
|---|---|
| ४.१ समस्या | २३ |
| ४.२ चुनौतीहरु | २४ |
| ४.३ भएका प्रयास र कामहरु | २४ |
| ४.४ अदालते तत्काल र नियमित रुपमा गर्नु पर्ने कार्यहरु | २५ |
| ४.५ धन्यवाद तथा आभार प्रकट | २६ |
| ४.६ यस अदालतको अपेक्षा | २७ |
| **अनुसूची १;** रुकुमकोट जिल्ला अदालतमा हाल कार्यरत जनशक्ति विवरण | २८ |

# दुई शब्द

राज्य पुनःसंरचना र नेपालको संवैधानिक व्यवस्था अनुसार हाल देशमा भएका सतहत्तर जिल्ला मध्ये एक रुकुम पूर्वी जिल्ला र सो मा गठित यो रुकुमकोट जिल्ला अदालत २०७४ साल पुस २८ गते स्थापना भएको कान्छो अदालत हो । विकट हिमाली जिल्लाको रुपमा रहेको पूर्वी रुकुम जिल्लाको सिस्ने गाँउपालिकाको वडा नं.५ को कमलदह नजिक कल्पना वलीको नाममा रहेको २१० वर्ग मिटर क्षेत्रफलमा निर्मित भवन अदालतले अफिस प्रयोजनका लागि भाडामा लिएको र सोहि भवनबाट अदालतले आफ्नो दैनिक कामकाज सुचारु गर्दै आएको छ ।

स्थापना पश्चात यो अदालतको जनशक्ति व्यवस्थापन तथा पुर्वाधार निर्माणमा लगभग दुईतीन महिना खर्चिनुपर्‍यो । सिमित स्रोतसाधन र प्रयाप्त जनशक्तिको अभावमा पनि पञ्चवर्षिय रणनितिक योजना अनुरुप यो अदालतले आ.ब.०७४/०७५ को **बाँकी अवधी बैशाख, जेठ र असारका** लागि आफ्नो पहिलो बार्षिक कार्यन्वयन योजना बनाई सम्मानित सर्वोच्च अदालत समक्ष प्रस्तुत गरी सो योजना अनुसार लक्ष अनुरुपको कार्य सम्पन्न भएको र आ.ब. ०७५/०७६ को लागि दोश्रो बार्षिक कार्यन्वयन योजना बनाई प्रस्तुत गर्न पाउँदा हामीलाई खुशी लागेको छ ।

प्रस्तुत योजना तर्जुमा गर्दा न्यायपालिकाको पञ्चवर्षिय रणनितिक योजना, सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालत, तुल्सीपुरबाट प्राप्त निर्देशन तथा परिपत्रहरु, गत वर्ष बाँकी अवधीमा यस अदालतमा परेको मुद्दा सख्या, यस अदालतले संपादन गरेको कार्य तथा यसै वर्षको भाद्र १ गतेबाट लागु हुन गइरहेको मुलुकी (संहिता) साथै यस अदालतमा कार्यरत सम्पूर्ण कर्मचारीहरु र सरोकारहरु बिचको छलफल र सुझाव समेतलाई समुचित ध्यानमा राखी अनुमानित लक्ष निर्धारण गरिएको छ ।

गतवर्षको मुद्दाको लगत, फर्छ्यौट र बाँकी स्थिती हेर्दा, जम्मा लगत ७१ मा ४९ फर्छ्यौट भई जम्मा २२ मुद्दा बाँकी रहेको र फैसला कार्यन्वयनतर्फ जम्मा लगत ८ मा ६ फर्छ्यौट भई बाँकी सख्या २ देखिन्छ । गत वर्षको बार्षिक योजना हेर्दा मुद्दातर्फको अनुमानित लगत ५५ राखी कुल लगतको ७५% ले हुन आउने जम्मा ४२ थान मुद्दा फर्छ्यौट गर्ने लक्ष्य भएकोमा मुद्दाको लगत- अनुमान गरे भन्दा बढी दर्ता भई ७१ थान लगत कायम भएकोले योजना बनाउँदा सो कुरा समेतलाई ध्यानमा राखिएको छ । न्यायपालिकाको धरोहर भनेकै जनआस्था र जनविश्वास हो भन्ने कुरालाई हृदयङ्गम गर्दै

न्यायमा रुकुमेली जनताको अधिकत्तम पहुँच कसरी बढाउन सकिन्छ र न्याय सम्पादनको कार्यलाई कसरी अझ बढी सरल, छिटो र प्रभावकारी हुनसक्छ भन्ने कुरामा यो अदालत र यसमा कार्यरत जनशक्ती संवेदनसिल छौं । १ घण्टे सेवा प्रवाहको कार्यान्वयन, Judicial Outreach, Meet the Judge, Counselling Service, Continuous Hearing जस्ता व्यवस्थापकिय कार्यहरु समेतको लक्ष निर्धारण भएका छन ।

सबै अदालत भन्दा पछि स्थापना भएको कान्छो अदालत भएपनि सबैको सद्भाव, सहयोग र समन्वयबाट अदालतबाट प्रवाह हुने सेवा सुचारु भएपनि सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउँन गर्नुपर्ने काम धेरै छन । अदालतको आफ्नै जग्गा र भवन नभएकाले यस अदालतको नाममा जग्गा प्राप्ती र भवन निर्माण नै अहिलेको सबैभन्दा ठूलो र पहिलो आवश्यकता रहेको छ । जग्गा प्राप्तिको लागि स्थानिय निकायसँग आवश्यक पहल भइरहेको छ तथापी जग्गा प्राप्ती र भवन निर्माणका लागि सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालतको नेतृत्व तहबाट समेत सहयोग, समन्वय र आवश्यक निर्देशनको आशा राखेका छौं ।

यस कार्य योजनाको कार्यान्वयनमा सम्मानित सर्वोच्च अदालत, उच्च अदालत तथा अन्य सरोकारवाला निकायबाट आवश्यक सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिंदै यसलाई निरन्तरता दिने क्रममा आउने दिनहरुमा अझ बढी परिस्कृत र परिमार्जित बनाउनका लागि सबै क्षेत्रबाट प्राप्त हुने सल्लाह, सुझाव एंव निर्देशन सहितको मार्गदर्शनलाई सहर्ष स्वीकार र स्वागत गरी यस कार्य योजनाको कार्यान्वयनमा प्रतिवद्धता समेत व्यक्त गर्दछौ । प्रस्तुत योजना निर्माणका क्रममा जुटेका सबै सहयोगी हातहरुलाई धन्यवाद दिदैं यसको सफल कार्यान्वयनका लागि अघिल्लो वर्ष जस्तै चालु वर्षमा पनि सम्बन्धित सबैबाट निरन्तर सहयोग र सद्भाव प्राप्त हुने अपेक्षा गरेको छु ।

साउन १५, २०७५ साल

रुकुमकोट जिल्ला अदालत ।

**दुर्गा बहादुर भुसाल**

**जिल्ला न्यायाधीश**

# परिच्छेद - १
# रुकुमकोट जिल्ला अदालतको सामान्य झलक

## १.१ परिचय

नेपालको वर्तमान संविधानले निर्धारण गरे अनुरुप नयाँ प्रशासनिक पुनःसंरचना अन्तर्गत नयाँ जिल्लाको रूपमा यस जिल्लाको स्थापना भएको हो । प्रत्येक जिल्लामा एउटा जिल्ला अदालत रहने संवैधानिक व्यवस्था अनुसार २०७४ साल पौष २८ गते रुकुमकोट जिल्ला अदालतको स्थापना भएको हो । यस अदालतको समुद्घाटन समारोह सम्माननीय प्रधान न्यायाधीशज्यू समेतको समुपस्थिति तथा प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

यो जिल्लाको पूर्वमा बाग्लुङ् र म्याग्दी जिल्ला, पश्चिममा रुकुम (पश्चिम भाग) जिल्ला, उत्तरमा डोल्पा जिल्ला र दक्षिणमा रोल्पा जिल्लासंग सिमाना जोडिएको छ। यस जिल्लामा पुथा उत्तरगंगा, भूमे र सिस्ने गरी तीनवटा गाँउपालिका रहेका छन् ।

यस क्षेत्रका विद्वान र प्रबुद्ध वर्गका भनाई तथा ऐतिहासिक जानकारी अनुसार साविकको रुकुम जिल्लामा मध्यकालीन बाईसे, चौबिसे राज्यहरू मध्ये रूकुमकोट, मुसिकोट, बाँफिकोट, आठबीस्कोट र जहारीकोट गरी ५ राज्यहरू रहेका र वि.सं.२०३० सालसम्म जिल्लाको सदरमुकाम रूकुमकोट (तत्कालीन शोभा गाँउ विकास समिति) मा रहेको थियो । रुकुमकोटमा रुक्मिणी देवीको मन्दिर रहेकाले उनै देवीको नामबाट यस ठाउँको नाम रूकुमकोट नामाकरण भएको र त्यही शब्द अपभ्रंश भई जिल्लाको नाम समेत रूकुम रहेको भन्ने भनाई छ ।

वि.सं. २०३० साल बैशाख १ गते रुकुम जिल्लाको सदरमुकाम रुकुमकोटबाट मुसिकोट (खलंगा) मा स्थानान्तरण भएकोमा नेपालको संविधान जारी भएपश्चात रुकुम जिल्लाको पूर्वी भाग साविक रुकुम जिल्लाबाट विभाजन भई नयाँ जिल्लाको रूपमा रुकुम (पुर्वी-भाग) जिल्लाको छुट्टै पहिचान कायम भएको छ । सिस्ने र पुथा हिमालको काँखमा रहेको ५२ पोखरी ५३ टाकुरीको नामबाट चिनिने यो जिल्लामा कमल दह र छिप्रिदह जस्ता प्राकृतिक तालले यस जिल्लालाई थप सोभायमान बनाएका छन ।

कुनै पनि प्रजातान्त्रिक मुलुकमा न्यायपालिका राज्यको महत्वपूर्ण अंगको रुपमा रहेको हुन्छ । न्यायपालिकाको गरीमा र न्यायपालिका प्रतिको जनआस्था यसबाट प्रवाह हुने सेवाको स्वतन्त्रता, निष्पक्षता, प्रभावकारिता र गुणस्तरियतामा आधारित रहन्छ । न्यायपालिकाको समस्त विकासको सफलता योजनाबद्ध सुधार प्रक्रिया विना सम्भव हुँदैन । त्यसैले २०६१ साल देखि न्यायपालिकाबाट प्रवाहित हुने सेवाको प्रभावकारिताका लागि योजनाबद्ध सुधार प्रक्रियाको थालनी गरी २०७१ साल श्रावण १ गते देखि तेश्रो पञ्चवर्षिय योजनामा प्रवेश गरेको छ ।

न्यायपालिकाको तेश्रो पञ्चवर्षिय रणनीतिक योजनाले "छिटोछरितो न्यायः सबैको लागि न्याय" भन्ने मूल नारा सहित सेवाग्राहीहरुको आवश्यकतालाई केन्द्र बिन्दुमा राखेको छ । यो योजनाले मुख्य रुपमा न्याय सम्पादनको कार्यलाई छिटोछरीतो, अनुमान योग्य, पँहुच योग्य बनाउने र न्यायपालिका प्रति आस्था र विश्वास अभिवृद्धि गर्ने लक्ष्य लिएको पाईन्छ । यी लक्ष्य प्राप्तिको लागि ४ वटा रणनीति र ९ वटा सहयोगी (Supportive) रणनीतिहरु लिएको पाईन्छ । यीनै रणनीतिहरुको

परिधिभित्र रही रुकुमकोट जिल्ला अदालतले पनि सरोकारवाला सबै पक्षसँग छलफल गरी आ.व. २०७५/०७६ का लागि यो कार्यान्वयन योजना बनाई कार्यान्वयनमा ल्याइएको छ ।

रुकुमकोट जिल्ला अदालतको मुख्य उद्देश्य संविधान तथा ऐन कानूनको अधिनमा रही स्वतन्त्र एवं निष्पक्ष न्याय सम्पादन गर्नुको साथै तेश्रो रणनीतिक योजना तथा ऐन कानूनले निर्धारण गरेको समयमा मुद्दा फछ्यौट गरी बार्षिक लक्ष्य हासिल गर्नु नै यस अदालतको प्रमुख लक्ष्य रहेको छ । यस जिल्ला अदालतको बार्षिक कार्यान्वयन योजना तर्जुमा गर्दा यस जिल्लाको भौगोलीक अवस्था तथा अदालतको मौजुदा जनशक्तिको अवस्था साथै अन्य श्रोत साधनको समेत विश्लेषण गर्नु सान्दर्भिक भएकोले बुँदागत रुपमा यस अदालतको विभिन्न पक्षको बारेमा देहाय बमोजिम चर्चा गरिएको छ ।

## १.२ योजना तर्जुमा तथा कार्यान्वयन समिति

तेस्रो रणनीतिक योजना अन्तर्गत तयार गरिएको यस अदालतको आ.व.०७५|०७६ को कार्यान्वयन योजनाको तर्जूमा तथा कार्यान्वयनका लागि देहाय बमोजिमको योजना तर्जुमा तथा कार्यान्वयन समिति गठन गरिएको छ ।

मानिनीय न्यायाधीश श्री दुर्गाबहादुर भुसाल
श्रेस्तेदार श्री खुमप्रसाद भण्डारी
सु. शा. अ. श्री विष्णुप्रसाद पाण्डेय
ना. सु. श्री जसवीर खत्री
ना. सु. श्री चन्द्र बहादुर चौधरी
ना.सु. श्री टिकाराम न्यौपाने
क. अ. श्री सियाराम प्रसाद यादव

## १.३ जनशक्तिको अवस्थाः

यस अदालतको नाममा स्विकृत दरबन्दी हेर्दा एक जना न्यायाधीश समेत ३८ जना कर्मचारीको दरबन्दी रहेको देखिन्छ तथापि अहिले पनि धैरै दरबन्दी खालि रहेका र पुर्ति भएका जनशक्तिमा धैरैजसो करारमा नियुक्ति भएको देखिन्छ । जसको विस्तृत विवरण देहाय बमोजिम छ।

| सेवा समुह | पद | रुकुमकोट जिल्ला अदालत | | | बढुवा | करार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | दरबन्दी | पदपुर्ती | खाली | संख्या | | |
| न्याय | न्यायाधीश | १ | १ | - | - | - | |
| | रा.प.तृतीय | २ | २ | - | - | - | |
| | रा.प.अनं. प्रथम | ८ | ५ | ३ | ५ | ३ | लोक सेवा आयोगमा माग भएको |
| | रा.प.अनं.द्धितीय (डिठ्ठा ) | ९ | - | ९ | - | - | |
| | रा.प.अनं.द्धितीय (तामेलदार) | ४ | - | ४ | - | - | ३ जना काजमा रहेको |
| लेखा | रा.प.तृतीय | - | - | - | - | - | |
| | रा.प.अनं. प्रथम | १ | - | १ | - | - | लोक सेवा आयोगमा माग भएको |
| | रा.प.अनं.द्धितीय | - | - | - | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | रा.प.तृतीय | - | - | - | - | - | |
| बिबिध क. अ. | रा.प.अनं. प्रथम | २ | - | २ | - | २ | लोक सेवा आयोगमा माग भएको |
| IT सहायक | रा.प.अनं. प्रथम | १ | - | १ | - | - | |
| इन्जिनीयरिङ्ग | रा.प.अनं. प्रथम (सर्भेक्षक) | १ | - | १ | - | - | |
| | रा.प.अनं. द्धितीय (जु. ई.) | १ | - | १ | - | - | |
| | पलम्वर | १ | - | १ | | | |
| प्रशासन | श्रेणी विहिन (ह.स.चा.) | १ | १ | - | - | १ | |
| | श्रेणी विहिन ( का.स. ) | ६ | ४ | २ | - | ४ | |
| | जम्मा दरबन्दी | ३८ | १० | २८ | | १५ | |

नोटः- अदालतको सुरक्षातर्फ प्र.ह. सहितको ५ जना प्रहरी जवानहरुले सुरक्षा दिइरहेका छन् । साथै माननीय जिल्ला न्यायाधीशको अंगरक्षकको लागि १ जना प्र.ह. दरबन्दी रही कार्यरत रहेका छन् ।

## १.४ अदालतको भौतिक अवस्था

यस अदालतको नाममा आफ्नो भवन र जग्गा नभएकाले क्षे.फ. २१० वर्ग मिटरको जग्गामा बनेको कल्पना वलि नाम दर्ताको जग्गामा बनेको तिनतले घर साना ठुला गरी २४ कोठा बराबर रहेको घर भाडामा लिई सोहि भवनबाट कार्यसञ्चालन भएको अवस्था छ ।

## १.५ मेसिनरी सामानहरुको अवस्थाः

यस अदालतमा भएका मेसिनरी सामानहरू प्रयाप्त नभई केवल कामचलाउको स्थिति रहेको छ । जसको विवरण देहाय बमोजिम छ ।

| मौजुदा सामानहरु | संख्या | साबूत | मर्मत गर्नु पर्ने संख्या | कैफियत |
|---|---|---|---|---|
| टाटा सुमो जिप | १ | - | | |
| फोटोकपी मेसिन | - | - | | नभएको |
| फ्याक्स मेसिन | - | - | | नभएको |
| ल्याण्ड लाईन फोन | २ | २ | - | |
| कम्प्यूटर | ६ | ६ | | |
| प्रिन्टर | ४ | २ | २ | |
| स्केनर | २ | २ | | |
| भ्याकुम क्लीनर | | | - | नभएको |
| सोलार | १ | १ | | |

## १.६ चालु मुद्दाको समीक्षा

२०७४ साल पौष २८ गते नेपालकै कान्छो अदालतका रुपमा स्थापना भएको यस अदालत स्थापनाको प्रारम्भिक चरणमा अदालत सञ्चालनका लागि भवन खोज्ने, भौतिक, आर्थिक स्रोत साधनको प्रारम्भिक व्यवस्थापन गर्ने, मानविय संशाधन व्यवस्थापन लगायतका कार्यमा संलग्न रहन पऱ्यो भने यस जिल्लामा अदालतले आफ्ना काम संचालन गरेको जानकारी आम नागरीकमा प्रवाह गर्नु महत्वपूर्ण विषय बन्यो । योजनाले लक्षित गरेको मूल कार्यहरू मध्ये मुद्दाको फर्छ्यौट, फैसला

कार्यान्वयन तथा सुपरिवेक्षण र अनुगमन तर्फ लक्ष्य प्रभावकारी रुपमा हासिल गर्ने र सेवाग्राहीहरुको सुविधाको लागि विभिन्न प्रभावकारी उपायहरु अवलम्वन गर्ने लक्ष्य लिइएकोमा यस अदालतको स्थापना पश्च्यात गत आर्थिक वर्षमा रुकुम (पश्चिम-भाग) जिल्ला अदालतबाट ३२ थान मुद्दा यस अदालतमा सरी आएको र यस अदालतमा दर्ता भएका ३९ थान समेत जम्मा ७१ थान मुद्दा मध्ये ४९ थान मुद्दा फैसला भइ बाँकी २२ थान मुद्दा यस आ.ब.को लागि जिम्मेवारी सरी आएका छन् ।

### १.६.१ गत आ.व. २०७४\०७५ मा यस अदालतमा रहेको मुद्दाको लगत

| **मुद्दाको किसिम** | **अदालतबाट सरी आएका** | **यस अदालतमा दर्ता भएका** | जम्मा | कैफियत |
|---|---|---|---|---|
| देवानी | ९ थान | १० थान | १९ थान | |
| सरकारवादी फौजदारी | १० थान | १० थान | २० थान | |
| व्यक्तिवादी फौजदारी | १३ थान | १९ थान | ३२ थान | |
| **जम्मा** | **३२ थान** | **३९ थान** | **७१ थान** | |

### १.६.२ फैसला हुन बाँकी मुद्दाको अवधिगत बाँडफाँडः

| **६ महिना भित्रका मुद्दा** | **६ देखी ९ महिना भित्रका मुद्दा** | **९ महिनादेखि १ वर्ष भित्रका मुद्दा** | **१ वर्ष भन्दा बढी १८ महिना भित्रका मुद्दा** |
|---|---|---|---|
| १९ थान | ३ थान | बाँकी नभएको | बाँकी नभएको |

### १.६.३ फैसला कार्यान्वयन तर्फको विवरणः

| **मुद्दाको किसिम** | **रुकुम जिल्ला अदालतबाट सरीआएका** | **यस अदालतमा दर्ता भएका** | **जम्मा मुद्दा संख्या** | **जम्मा फर्छ्यौट** | **यस वर्षको बाँकी** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| विगो भराउने | ६ थान | ० | ६ थान | ४ थान | २ थान | |
| वण्डा छुट्टाउने | - | २ | २ थान | २ थान | ० | |
| जम्मा | ६ थान | २ थान | ८ थान | ६ थान | २ थान | |

- दण्ड जरिवाना र कैद तर्फको लगत हालसम्म प्राप्त नभएको,
- अभिलेख तर्फको मिसिल विवरण प्राप्त नभएको,
- मुलतवी मुद्दा नरहेको,

# परिच्छेद - २

# तेश्रो पञ्चवर्षिय रणनीतिक योजनाको परिदृष्य, परिलक्ष्य र मुल्यहरु

न्यायपालीकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको निर्माण भए देखि नै न्यायपालीकाको परिदृष्य परिलक्ष्य र मुल्यहरु स्पष्ट गरिएको थियो । यस्ता परिदृष्य परिलक्ष्य र मुल्यहरु दिर्घकालीन प्रकृतिका हुने भएकाले खासै परिवर्तन हुन सक्दैनन् तर न्यायपालीकाको संबैधानीक एवं कानूनी भूमिका र जिम्मेवारीमा ब्यापक फरक परेको सन्दर्भमा निर्धारित परिदृष्य परिलक्ष्य र मूल्यहरुमा सामान्य परिवर्तन गरिएको छ । यो तेश्रो पञ्चवर्षिय रणनीतिक योजनाको परिदृष्य परिलक्ष्य र मूल्यहरु देहाय अनुसार छन् ।

## परिदृष्य

स्वतन्त्र सक्षम एवं प्रभावकारी न्यायप्रणालीको स्थापना गरी कानूनको शासन एवं नागरीक अधिकार र स्वतन्त्रताको संरक्षण गर्दै सबैका लागि न्याय सुनिश्चित गर्नु नेपालको न्यायपालीकाको परिदृष्य हो।

## परिलक्ष्य

संविधान कानून र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवं निष्पक्ष न्याय सम्पादन गर्नु नेपालको न्यायपालिकाको परिलक्ष्य हो ।

## आधारभूत मूल्यहरु

- संविधान र कानूनप्रति आस्था
- स्वतन्त्रता र स्वायत्तता
- स्वच्छता, समानता र निष्पक्षता
- उत्तरदायित्व
- गुणस्तरीयता
- सदाचार
- प्रतिनिधित्व र समावेशिता

## २.१ लक्ष्यहरुको निर्धारण

**लक्ष्यहरुको निर्धारण**

लक्ष्य १:- न्याय सम्पादनको कार्यलाई छिटो छरितो तुल्याउने

लक्ष्य २:- न्यायिक प्रक्रियालाई अनुमान योग्य बनाउने

लक्ष्य ३:- न्याय प्रणालीलाई पहुँच योग्य बनाउने

लक्ष्य ४:- न्याय प्रणाली प्रति आस्था र विश्वास अभिवृद्धि गर्ने

## २.२ लक्ष्य प्राप्तिका रणनीतिहरु

**मूल रणनीतिहरु**

**लक्ष्य १:- न्याय सम्पादनको कार्यलाई छिटो छरितो तुल्याउने**

**लक्ष्य प्राप्तिका रणनीतिहरु**

१- मुद्दाको फैसला र फैसलाको तयारी तोकिएको समयावधी भित्र गर्ने प्रबन्ध मिलाउने ।

२- पुराना बक्यौता मुद्दाहरुको न्यूनीकरणमा जोड दिने ।

३- फैसला कार्यान्वयनको कार्यलाई विशेष अभियानको रुपमा संचालन गर्ने ।

४- सुपरीवेक्षण एवं निरीक्षणको कार्यलाई प्रभावकारी बनाउने ।

### लक्ष्य २:- न्यायिक प्रक्रियालाई अनुमान योग्य बनाउने

**लक्ष्य प्राप्तिका रणनीतिहरु**

१.मुद्दामा हुने चरणवद्ध कार्वाहीको पुर्व जानकारी हुने प्रणाली लागू गर्ने

२.मुद्दाको कार्वाहीका लागि निर्धारण गरीने समय तालिकाको परिपालना हुने स्थिती कायम गर्ने

### लक्ष्य ३:- न्याय प्रणालीलाई पहुँच योग्य बनाउने

**लक्ष्य प्राप्तिका रणनीतिहरु**

१- आर्थिक रुपले विपन्न नागरीकहरुका निम्ति न्यायिक सेवामा लाग्ने गरेका दस्तुरहरु पुनरावलोकन गरी सुलभ ब्यवस्था गर्ने ।

२- न्यायिक कार्यविधिलाई सरल बनाउने ।

३- अदालतबाट प्रदान गरीने कानूनी सहायता प्रणालीलाई प्रभावकारी बनाउने ।

४- मेलमिलाप प्रक्रियाद्धारा बिवाद समाधान गर्ने प्रणालीलाई प्रभावकारी बनाउने ।

५- अदालतका भौतिक सुविधाहरु सेवाग्राहीहरुका आवश्यकता अनुरुप तुल्याउने ।

### लक्ष्य ४:- न्याय प्रणालीप्रति आस्था र विश्वास अभिवृद्धि गर्ने

**लक्ष्य प्राप्तिका रणनीतिहरु**

१- न्यायपालीकाबाट प्रवाह हुने सेवालाई गुणस्तरीय बनाउने ।

२- सेवाग्राहीहरुका निम्ति समग्र न्यायिक प्रक्रिया र अदालतबाट प्राप्त हुने सेवा एवं सुविधाहरुका बारेमा जानकारी प्रवाह गराउने प्रणालीको स्थापना गर्ने ।

३- अनियमितता र गुनासो सुनुवाईका लागि प्रभावकारी संयन्त्रको स्थापना गर्ने ।

४- न्यायिक प्रक्रिया र प्रणालीबारे समुदायका विभिन्न वर्गहरुसँग अन्तर संवाद गर्ने प्रणालीको स्थापना गर्ने ।

५- न्यायिक सूचना प्रवाह प्रणालीलाई प्रभावकारी बनाउने ।

## २.३ सहयोगी (Supportive) रणनीतिहरु

१- योजना कार्यान्वयन प्रणालीलाई सुदृढ बनाउने ।

२- मुद्दा ब्यवस्थापन पद्दतिमा सुधार गर्ने ।

३- मानव संसाधनको ब्यवस्थापनलाई प्रभावकारी बनाउने ।

४- अदालतहरुको भौतिक पुर्वाधार विकास गरी आधुनिक मापदण्ड अनुरुप तुल्याउने ।

५- अदालत ब्यवस्थापनमा सूचना र सञ्चार प्रविधिको प्रयोगलाई संस्थागत गर्ने ।

६- न्यायिक स्वतन्त्रता र स्वायत्तताका मूल्यहरुको जगेर्ना गर्ने ।

७- न्यायिक उत्तरदायित्व र उत्पादकत्व वृद्धि गर्ने ।

८- न्याय क्षेत्रका सरोकारवालाहरुसँगको सम्बन्ध र समन्वयलाई सुदृढ गर्ने ।

९- न्याय र कानून सम्बन्धी अध्ययन, अनुसन्धान एवं प्रकाशन र कानून सुधार प्रक्रियालाई निरन्तरता दिने ।

## परिच्छेद- ३

# आ.ब. २०७५-०७६ को बार्षिक कार्यान्वयन योजना

पुर्वी रुकुम जिल्ला भौगोलिक रुपमा विकट हिमाली जिल्ला भएकोले न्यायपालीकाको तेश्रो पञ्चवर्षिय रणनीतिक योजना (२०७१/०७२ - २०७५/०७६) ले अहिलेसम्म समुह बिभाजन नगरेपनि मुद्दा सख्या र भौगोलिक विकटताको कारण यो जिल्ला अदालतल "क" समुहमा पर्ने देखिन्छ । प्रति न्यायाधीश ३०० थानसम्म मुद्दाको लगत रहेको जिल्ला "क" समुहका जिल्लामा परेको देखिन्छ । न्यायपालिकाको तेश्रो पञ्चवर्षिय रणनीतिक योजना कार्यान्वयनका लागि यस अदालतले आ.ब. २०७५/०७६ को देहाय बमोजिम वार्षिक कार्यान्वयन योजना तर्जुमा गरेको छ ।

## ३.१ कार्य सम्पादनको सूचक, समयावधी र जिम्मेवारी

| सि.नं. | कार्य सम्पादनको सूचक र समय अवधी | जिम्मेवारी |
|---|---|---|
| १ | अदालतमा परेका सबै रिट तथा मुद्दाहरु १ वर्ष भित्र फछ्यौट गर्ने । कुनै कारणले फछ्यौट हुन नसके कूल बार्षिक लगतको ७५ प्रतिशत फर्छ्यौट गर्ने । | न्यायाधीश |
| २ | मुद्दा दर्ता भएको मितिले ६ महिना भित्र मुद्दा फैसलाको लागि अंग पुरयाउने । | फाँटवाला/ श्रेष्तेदार |
| ३ | फैसला भएको मितिले ७ दिन भित्र फैसला तयार गर्ने । | इजलास सहायक/ न्यायाधीश |
| ४ | फैसला कार्यान्वयनका लागि परेका ५० प्रतिशत निवेदनहरु ६ महिना भित्र, ७५ प्रतिशत निवेदनहरु ९ महिना भित्र र सबै निवेदनहरु १ वर्ष भित्र फर्छ्यौट गर्ने । | तहसिलदार |
| ५ | कम्तिमा यो वर्ष कायम हुने लगत बराबरको कैद र जरिवाना असुल गर्ने । | तहसिलदार |
| ६ | कैद र जरिवाना असुल उपर गर्न समय समयमा डोर खटाउने । | तहसिलदार |
| ७ | फैसला कार्यान्वयनको लागि अन्य सरकारी निकायहरुसँग छलफल तथा समन्वय गरी प्रभावकारी बनाउने । | तहसिलदार |
| ८ | चालु मिसिल श्रेष्तेदारले निरिक्षण गर्ने र न्यायाधिशले अनुगमन गर्ने । | न्यायाधीश/श्रेष्तेदार |
| ९ | नियमित रुपमा स्टाप मिटिङ गर्ने । | श्रेस्तेदार |
| १० | अदालत ब्यवस्थापन समिति र न्याय क्षेत्र समन्वय समितिको बैठक गर्ने । | श्रेष्तेदार/न्यायाधीश |
| ११ | वैतनिक कानून ब्यवसायीको नियूक्ति गरी सेवालाई प्रभावकारी र परिणाममुखी बनाउन रणनीतिक योजनामा उल्लेख भए अनुसार निरन्तर प्रयास गर्ने । वैतनिक कानून ब्यवसायीबाट महिनामा ४ पटक कारागार भ्रमण गराई सो को प्रतिवेदन लिने । | श्रेष्तेदार |

| | | |
|---|---|---|
| १२ | मेलमिलाप हुन सक्ने प्रकृतिका मुद्दाहरु प्रतिउत्तर परे पछि कम्तिमा १ पटक मेलमिलाप केन्द्रमा पठाउने । | न्यायाधीश |
| १३ | मेलमिलापकर्ता र न्यायाधीश बिच आवश्यकता अनुसार अर्न्तक्रिया गर्ने । | न्यायाधीश |
| १४ | परामर्श सेवा, मेलमिलाप कक्ष र बाल इजलास बाल सयन कक्षको लागि कोठाको अभाव भएकाले सर्वोच्च अदालतमा लेखि पठाउने । | श्रेष्तेदार |
| १५ | न्यायाधीश र कर्मचारीले सेवाग्राही प्रति मर्यादित ब्यवहार गर्ने । | न्यायाधीश/कर्मचारी |
| १६ | सेवाग्राहिहरुको गुनासो सुनुवाई गर्न संयन्त्रको स्थापना गर्ने र त्यस्ता गुनासोको सम्बन्धमा सम्बन्धीत कर्मचारीको मुल्याङ्कन गर्ने परिपाटिमा जोड दिने । | श्रेष्तेदार |
| १७ | महिनाको १ पटक सरोकारवालासँग अन्तरक्रिया गर्न Meet the Judge प्रणाली लागू गर्ने । | न्यायाधीश |
| १८ | न्यायिक प्रक्रिया र काम कार्वाही सम्बन्धी आधारभुत जानकारी संचार माध्यम मार्फत दिने र न्यायिक सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउन स्थानीय संचारकर्मीसँग आवश्वकता अनुसार भेटघाट तथा अन्तरक्रिया गर्ने । | न्यायाधीश/श्रेष्तेदार |
| १९ | जिल्ला अदालत नियमावली, २०५२ को अनुसूची ४ (ख ) मा तोकिएका मुद्दाहरुमा निरन्तर सुनुवाईलाई प्रभावकारी रुपमा लागु गर्ने । | न्यायाधीश/श्रेष्तेदार |
| २० | म्याद तामेली कार्यको अभिलेख ब्यवस्थापन गरी हाल दिई आएको प्रोत्साहन भत्तालाई म्याद तामेली कार्यसँग आवद्ध गर्ने ब्यवस्था मिलाउने । | श्रेष्तेदार |
| २१ | तामेलदार र स्थानीय निकाय बिच अन्तरक्रिया गराउने सो कार्यमा वारेन्ट तथा म्यादी पुर्जी गर्ने प्रहरी कर्मचारीलाई पनि समावेश गर्ने । | श्रेष्तेदार/न्यायाधीश |
| २२ | अदालतमा आउने सेवाग्राहिका लागि शुद्ध पिउने पानीको ब्यवस्था मिलाउन आवश्यक प्रवन्ध गर्ने । | श्रेष्तेदार |
| २३ | जिन्सी सामानको सुरक्षा र प्रयोगमा ध्यान दिने साथै नियमित लिलाम बिक्रि र वितरणमा ध्यान दिने । | स्टोरकिपर/ श्रेष्तेदार |
| २४ | धरौटी तथा जेथा जमानत कोर्टफी र जरिवानाको रेकर्ड अध्यावधिक गर्ने । | तहसिलदार/लेखा प्रमुख |
| २५ | दण्ड जरिवानाको लगत प्रत्येक महिना अध्यावधिक गर्ने र डाटावेसमा तयार गर्ने । | श्रेष्तेदार/तहसिलदार |
| २६ | छिनुवा मिसिलहरुको विवरण अध्यावधिक गर्ने । | फाँटवाला |
| २७ | अदालतको समग्र सुरक्षा ब्यवस्थाको प्रवन्ध मिलाउने । | श्रेष्तेदार |
| २८ | कार्ययोजना कार्यान्वयनमा सहयोग अभिवृद्धिका लागि सरकारी | श्रेष्तेदार/न्यायाधीश |

| | | |
|---|---|---|
| | वकिल, बार र प्रहरी लगायत सरोकारवालासँग अनुरोध गर्ने । | |
| २९ | कार्ययोजनाको आशातित प्रगति समिक्षा गर्दा सरोकारवाला पक्षसँग अर्न्तक्रिया गर्ने । | न्यायाधीश/श्रेष्तेदार |
| ३० | कजलिष्ट अनलाईनमा प्रकाशित गर्ने । | फाँटवाला |
| ३१ | कार्ययोजना कार्यान्वयनका लागि आवश्यक बजेटको माग गर्ने । | |
| ३२ | यो कार्ययोजना कार्यान्वयन गर्दा आई पर्ने जोखिमहरुलाई सरलीकृत र न्युनिकरण गर्दै लैजाने । | श्रेष्तेदार/न्यायाधीश |

## ३.२ कार्यान्वयन योजना लागु गर्ने प्रयोजनका लागि लक्ष्य निर्धारण

वर्तमान विश्व परिवेशमा नविनतम प्रविधिको प्रयोग सामाजिक गतिशिलतासँग परिवर्तित सामाजिक मूल्य र मान्यताहरु न्यायपालीकाको लागि चुनौती रहेका छन् । अदालती काम कार्वाही ढिलो हुन्छ भन्ने आम जनतामा रहेको दृष्टिकोणलाई अदालतले गर्ने काम कार्वाहीहरुमा हुने पारदर्शिताले मात्र परिवर्तन ल्याउन सक्दछ । त्यसैले न्यायिक काम कार्वाही छिटो छरीतो गर्नको लागि यस अदालतबाट कानून व्यवसायी, सरकारी वकील लगायत सरोकारवालाहरुसँग छलफल गरी आ.ब. २०७५/०७६ को प्रस्तुत कार्यान्वयन योजना तर्जुमा गरी लागु गर्ने प्रयोजनका लागि देहाय बमोजिमको लक्ष्य निर्धारण गरिएको छ ।

### १. लगत अनुमानः-

गत आ.व.बाट जिम्मेवारी सरी आएका मुद्दा २२ थान, यस अदालतमा नयाँ दर्ता अनुमानित प्रति महिना ९ थानका दरले ११२ थान, रिट निवेदन २ थान, पुनरावेदन दर्ता ४ थान, फौजदारी कार्यविधि संहिताको ७२ र ७३ नं. र देवानी कार्यविधि संहिताको १५७(२) नं. बमोजिम पर्न सक्ने निवेदन ७ थान समेत गरी जम्मा १४३ थान मुद्दा दर्ता हुने अनुमानित लगत कायम गरिएको छ।

### २. फछ्र्यौट लक्ष्यः-

भौगोलिक विकटता र मुद्दाको सख्याको कारण "क” बर्गमा पर्न सक्ने हुनाले यस अदालतहरुले ७५ प्रतिशत मुद्दा फछ्र्यौट गर्नुपर्ने हुन्छ । अनुमानित लगत १४३ थानको ७५ प्रतिशतले हुन आउने मुद्दा तथा रिट निवेदन समेत गरी जम्मा १०८ थान मुद्दाहरु यस आ.ब. मा अनुमानित फछ्र्यौट गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

## ३.३ लक्ष्य निर्धारण फारामहरुः

मूल रणनीति अन्तर्गत लक्ष्य प्राप्तिका लागि सम्मानित सर्बोच्च अदालतबाट निर्धारित विभिन्न नं. १ देखि १३ सम्मका फारामहरुमा सोहि ढाचाँ अनुसार देहाय बमोजिम लक्ष निर्धारण गरिएको छ ।

# रुकुमकोट जिल्ला अदालत

## रुकुम (पूर्वी-भाग)

आर्थिक वर्ष २०७५/०७६ को कार्यान्वयन योजना

लक्ष्य निर्धारण फाराम नं. १ बार्षिक लक्ष्य निर्धारण फाराम

(मूल रणनीति अन्तर्गत लक्ष्य १ को रणनीति १ सँग सम्बन्धित)

अदालत समूह - 'क'

योजनाबाट निर्धारण भए अनुसार बार्षिक रुपमा फैसला गर्नु पर्ने मुद्दाको ७५%

| सि.नं. | बिषय | अवधिगत संख्या | जिम्मेवारी सरी आएको मुद्दा | | | | | नयाँ दर्ता अनुमान | जम्मा कायम हुन आउने अनुमानित मुद्दा | अनुमानित बार्षिक मुद्दा फछ्र्यौट संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | शुनुवा | साना प्रकृति | प्राथमिक | अन्य | जम्मा | | | | |
| १ | मुद्दा | १ वर्ष भित्रको | ४ | ४ | १ | १७ | २२ | ११२ | १३४ | १०१ | |
| | | १ वर्ष देखि १८ महिना भित्रको | - | - | - | - | - | | | | |
| | | १८ महिना देखि २ वर्ष भित्रको | - | - | - | - | - | | | | |
| | | २ वर्ष नाघेको | - | - | - | - | - | | | | |
| २ | पुनरावेदन | १ वर्ष भित्रको | - | - | - | - | - | २ | २ | १ | |
| | | १ वर्ष देखि १८ महिना भित्रको | - | - | - | - | - | | | | |
| | | २ वर्ष नाघेको | - | - | - | - | - | | | | |
| ३ | रिट र निषेधाज्ञा निवेदन | १ वर्ष भित्रको | - | | | | - | २ | २ | २ | |
| | | १ वर्ष देखि १८ महिना भित्रको | - | | | | - | | | | |
| | | १८ महिना देखि २ वर्ष भित्रको | - | | | | - | | | | |
| | | २ वर्ष नाघेको | - | | | | - | | | | |
| ४ | फौजदारी कार्यविधी संहिताको ७२ र ७३ नं. र देवानी कार्यविधी संहिताको १५७(२) निवेदन उपरको कैफियत प्रतिवेदन | | | | | | | ५ | ५ | ४ | |
| | कूल जम्मा | | | | | | २२ | १२१ | १४३ | १०८ | |

तयार गर्ने

प्रमाणित गर्ने

# रुकुमकोट जिल्ला अदालत

## रुकुम (पूर्वी-भाग)

आर्थिक वर्ष २०७५/०७६ को कार्यान्वयन योजना

लक्ष्य निर्धारण फाराम नं. २ मासिक लक्ष्य निर्धारण फाराम

(मूल रणनीति अन्तर्गत लक्ष्य १ को रणनीति १ सँग सम्बन्धित )

कार्यान्वयन योजना अनुसार फैसला गर्नुपर्ने मुद्दाको जम्मा मुद्दा १४३ को (७५%) ले हुने १०८ थान

| सि. नं. | बिषय | महिना | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | बैसाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कार्य दिन | १२ | २४ | १९ | १७ | २४ | २६ | २५ | २३ | २२ | २४ | २७ | २७ | २७० |
| १ | मुद्दा | फछ्यौट लक्ष्य | - | ४ | ४ | २ | ८ | ९ | ९ | ११ | ११ | १४ | १४ | १५ | १०१ |
| २ | पुनरावेदन | | | | - | - | - | - | | | - | - | - | १ | १ |
| ३ | रिट र निषेधाज्ञा निवेदन | फछ्यौट लक्ष्य | - | - | | - | - | १ | | | - | १ | - | - | २ |
| ४ | फौ.का.सं.को ७२ र ७३ नं. र दे. का. सं.को १५७(२) निवेदन | फछ्यौट लक्ष्य | - | | - | - | १ | - | १ | | १ | - | १ | - | ४ |
| | जम्मा | फछ्यौट लक्ष्य | - | ४ | ४ | २ | ९ | १० | १० | ११ | १२ | १५ | १५ | १६ | १०८ |

तयार गर्ने

प्रमाणित गर्ने

# रुकुमकोट जिल्ला अदालत

## रुकुम (पूर्वी-भाग)

आर्थिक वर्ष २०७५/०७६ को कार्यान्वयन योजना

लक्ष्य निर्धारण फाराम नं. ३ न्यायाधीशगत मासिक लक्ष्य निर्धारण फाराम

(मूल रणनीति अन्तर्गत लक्ष्य १ को रणनीति १ सँग सम्बन्धित )

न्यायाधीशको नाम :- **दुर्गा बहादुर भुसाल**

**जम्मा मुद्दा १४३ को (७५%) ले हुने १०८**

| सि. नं. | बिषय | महिना | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | बैसाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कार्य दिन | १२ | २४ | १९ | १७ | २४ | २६ | २५ | २३ | २२ | २४ | २७ | २७ | २७० |
| १ | मुद्दा | फछ्र्यौट लक्ष्य | - | ४ | ४ | २ | ८ | ९ | ९ | ११ | ११ | १४ | १४ | १५ | १०१ |
| २ | पुनरावेदन | | | | - | - | - | - | | | - | - | - | १ | १ |
| ३ | रिट र निषेधाज्ञा निवेदन | फछ्र्यौट लक्ष्य | - | - | | - | - | १ | | | - | १ | - | - | २ |
| ४ | फौ.का.सं.को ७२ र ७३ नं. र दे. का. सं.को १५७(२) निवेदन | फछ्र्यौट लक्ष्य | - | | - | - | १ | - | १ | | १ | - | १ | - | ४ |
| | जम्मा | फछ्र्यौट लक्ष्य | - | ४ | ४ | २ | ९ | १० | १० | ११ | १२ | १५ | १५ | १६ | १०८ |

सम्बन्धित न्यायाधीशले फैसला गर्नुपर्ने मुद्दा मध्ये १८ महिना नाघेको बाँकी सँख्याः- ०

तयार गर्ने

प्रमाणित गर्ने

फाराम नं :- ४

# रुकुमकोट जिल्ला अदालत

## रुकुम (पूर्वी-भाग)

आर्थिक वर्ष २०७५/०७६ को कार्यान्वयन योजना

लक्ष्य निर्धारण फाराम नं. ४ अंङ्ग पुऱ्याउने कार्यको मासिक लक्ष्य निर्धारण फाराम

(मूल रणनीति अन्तर्गत लक्ष्य १ को रणनीति १ सँग सम्बन्धित )

योजनाबाट निर्धारण भए अनुसार बाँकी अबधिमा फैसला गर्नु पर्ने मुद्दाको सँख्या १०८ को थप १०% गर्दा अंङ्ग पुरयाउनु पर्ने मुद्दाको सँख्याः- ११८

| फाँटको मुद्दा तथा रिट सँख्या | महिना | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | बैसाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्य दिन | १२ | २४ | १९ | १७ | २४ | २६ | २५ | २३ | २२ | २४ | २७ | २७ | २७० |
| जम्मा | अंग पुरयाउनु पर्ने सँख्या | २ | ४ | ४ | २ | १० | ११ | ११ | ११ | १२ | १६ | १७ | १८ | ११८ |

तयार गर्ने

प्रमाणित गर्ने

# रुकुमकोट जिल्ला अदालत

## रुकुम (पूर्वी-भाग)

आर्थिक वर्ष २०७५/०७६ को कार्यान्वयन योजना

लक्ष्य निर्धारण फाराम नं. ५ फैसला कार्यान्वयनका निवेदन फछ्यौट गर्ने कार्यको बार्षिक लक्ष्य निर्धारण फाराम

(मूल रणनीति अन्तर्गत लक्ष्य १ को रणनीति ३ सँग सम्बन्धित )

तहसिलदारको नामः- **विष्णुप्रसाद पाण्डेय**

**<u>बार्षिक रुपमा जम्मा फछ्यौट गर्नु पर्ने निवेदनको सँख्याः- ११</u>**

| सि.नं. | बिषय | अवधिगत संख्या | बाट जिम्मेवारी सरी आएको | नयाँ दर्ता अनुमान | जम्मा कायम हुने बार्षिक लगत | अनुमानित बार्षिक निवेदन फछ्यौट संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | फैसला कार्यान्वयनको निवेदन | ६ महिना भित्रको | २ | ३६ | ३८ | ३० | |
| | | ६ महिना देखि ९ महिना भित्रको | | | | | |
| | | ९ महिना देखि १ वर्ष भित्रको | - | | | | |
| | | १ वर्ष नाघेको | - | | | | |
| | जम्मा | | २ | ३६ | ३८ | ३० | |

तयार गर्ने

प्रमाणित गर्ने

# रुकुमकोट जिल्ला अदालत

## रुकुम (पूर्वी-भाग)

आर्थिक वर्ष २०७५/०७६ को कार्यान्वयन योजना

लक्ष्य निर्धारण फाराम नं. ६ फैसला कार्यान्वयनका निवेदन फछ्र्यौट गर्ने कार्यको मासिक लक्ष्य निर्धारण फाराम

(मूल रणनीति अन्तर्गत लक्ष्य १ को रणनीति ३ सँग सम्बन्धित )

तहसिलदारको नामः- **विष्णुप्रसाद पाण्डेय**

**बाँकी अवधिमा जम्मा फछ्र्यौट गर्नु पर्ने निवेदनको सँख्याः- ११**

| बिषय | महिना | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | बैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्य दिन | १२ | २४ | १९ | १७ | २४ | २६ | २५ | २३ | २२ | २४ | २७ | २७ | २७० |
| फैसला कार्यान्वयनको निवेदन | फछ्र्यौट लक्ष्य | - | १ | २ | - | ३ | ३ | ३ | ३ | ३ | ४ | ४ | ४ | ३० |

तयार गर्ने

प्रमाणित गर्ने

# रुकुमकोट जिल्ला अदालत

## रुकुम (पूर्वी-भाग)

आर्थिक वर्ष २०७५/०७६ को कार्यान्वयन योजना

लक्ष्य निर्धारण फाराम नं. ७ बेरुजु कैद जरिवानाको लगत न्युन गर्ने कार्यको मासिक लक्ष्य निर्धारण फाराम

(मूल रणनीति अन्तर्गत लक्ष्य १ को रणनीति ३ सँग सम्बन्धित )

बार्षिक रुपमा न्यून गर्नु पर्ने कैद र जरिवानाको अङ्क मध्ये कैद वर्षः- ६९-८-१७

| जिम्मेवारी सरी आएको | | मासिक रुपमा फछ्यौट गर्नु पर्ने लगत | | | | | | | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | बैसाख | जेठ | असार | | |
| कैद वर्ष | ६९-८-१७ | ० | ० | ० | ० | १०-०-० | ० | १०-०-० | ० | १५-०-० | १०-०-० | १५-०-० | ९-८-१७ | ६९-८-१७ | रेकर्ड प्राप्त नभएको |
| जरिवाना को रकम | ३००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३००० | ३००० | |

जरिवानाको रकम रु.३०००।-

तयार गर्ने

प्रमाणित गर्ने

**नोट : सावीक रुकुम जिल्ला अदालतबाट कैद जरिवानाको लगत तथा मिसिल प्राप्त भएपछी पुन लक्ष्य निर्धारण गरीने ।**

फाराम नं :- ८

# रुकुमकोट जिल्ला अदालत

## रुकुम (पूर्वी-भाग)

आर्थिक वर्ष २०७५/०७६ को कार्यान्वयन योजना

लक्ष्य निर्धारण फाराम नं. ८ दण्ड जरिवाना असूल गर्ने बाँकी मुद्दाको लगत न्युन गर्ने कार्यको मासिक लक्ष्य निर्धारण फाराम

(मूल रणनीति अन्तर्गत लक्ष्य १ को रणनीति ३ सँग सम्बन्धित )

बार्षिक रुपमा फछ्यौट गर्नु पर्ने दण्ड जरिवाना असूल गर्ने बाँकी मुद्दाको सँख्याः- ६

| जिम्मेवारी सरी आएको मुद्दा संख्या | मासिक रुपमा फछ्यौट गर्नु पर्ने मुद्दाको संख्या | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | बैशाख | जेठ | असार | |
| ६ | | | | | १ | १ | | | १ | १ | १ | १ | ६ |

फाराम नं :- ९

# रुकुमकोट जिल्ला अदालत

## रुकुम (पूर्वी-भाग)

आर्थिक वर्ष २०७५/०७६ को कार्यान्वयन योजना

लक्ष्य निर्धारण फाराम नं. ९ फैसला कार्यान्वयनको लगत अद्यावधिक गर्ने लगायतका कार्यको मासिक लक्ष्य निर्धारण फाराम

| सि. नं. | महिना | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | बैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्य दिन | १२ | २४ | १९ | १७ | २४ | २६ | २५ | २३ | २२ | २४ | २७ | २७ | २७० |
| १ | अध्यावधिक गरीने लगत संख्या | ६ | - | - | - | - | - | - | - | - | - | - | - | ६ |
| २ | दण्ड जरिवानाको लगत सार्वजनिक गर्ने (पटक ) | - | १ | - | - | - | - | - | १ | - | - | - | - | २ |
| ३ | दण्ड जरिवानाको छुट सम्बन्धी सूचना प्रकाशित गर्ने (पटक ) | - | १ | - | - | - | - | - | - | १ | - | - | - | २ |
| ४ | असुल तहसिलको डोर खटाउने (पटक ) | - | - | - | १ | - | - | - | - | - | १ | - | - | २ |
| ५ | जिन्सी लिलाम गर्ने (पटक ) | - | - | - | - | - | - | - | - | - | - | - | १ | १ |
| ६ | अन्य........ | | | | | | | | | | | | | |

तयार गर्ने

प्रमाणित गर्ने

फाराम नं :- १०

# रुकुमकोट जिल्ला अदालत

## रुकुम (पूर्वी-भाग)

आर्थिक वर्ष २०७५/०७६ को कार्यान्वयन योजना

लक्ष्य निर्धारण फाराम नं. १० मिसिलको आन्तरिक निरीक्षण गर्ने कार्यको

मासिक लक्ष्य निर्धारण फाराम

(मूल रणनीति अन्तर्गत लक्ष्य १ को रणनीति ४ सँग सम्बन्धित )

गत आ ब बाट जिम्मेवारी सरी आएको मिसिल सँख्याः- २२

नयाँ दर्ता हुने अनुमानित मुद्दा, रिट र निवेदन समेतको सँख्याः- १२१

जम्मा निरीक्षण गर्नुपर्ने मिसिल सँख्याः- १४३

श्रेष्तेदारको नामः- खुम प्र. भण्डारी

सुपरिटेन्डेन्टको नामः- विष्णुप्रसाद पाण्डेय

| बिषय | पटक | मिसिलको आन्तरिक निरीक्षणको मासिक लक्ष्य | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिना | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | बैशाख | जेठ | असार | जम्मा |
| मिसिलको आन्तरिक निरिक्षण | पहिलो पटक गर्ने लक्ष्य | | - | १३ | १३ | १२ | १३ | १३ | १२ | १३ | १२ | १३ | १४ | १५ | १४३ |
| | दोश्रो पटक गर्ने लक्ष्य | | १२ | ११ | १२ | ११ | १२ | १२ | ११ | १२ | ११ | १२ | १३ | १४ | १४३ |

..................

तयार गर्ने

..................

प्रमाणित गर्ने

फाराम नं :- ११

# रुकुमकोट जिल्ला अदालत

## रुकुम (पूर्वी-भाग)

आर्थिक वर्ष २०७५/०७६ को कार्यान्वयन योजना

लक्ष्य निर्धारण फाराम नं. ११ आन्तरिक निरिक्षणका बखत दिइएको निर्देशन कार्यान्वयन भए नभएको अनुगमन गर्ने कार्यको मासिक लक्ष्य निर्धारण फाराम

(मूल रणनीति अन्तर्गत लक्ष्य १ को रणनीति ४ सँग सम्बन्धित )

सम्बन्धित जिल्ला न्यायाधीशको नामः- दुर्गा बहादुर भुसाल

सम्बन्धित जिल्ला न्यायाधीशको जिम्मामा रहने अनुमानित मुद्दा संख्याः- १४३

निरीक्षण गर्नु पर्ने अनुमानित मिसिल संख्याः-१४३

| बिषय | पटक | आन्तरिक निरीक्षण निर्देशन अनुगमनको मासिक लक्ष्य | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिना | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | बैसाख | जेठ | असार | जम्मा |
| मिसिलको आन्तरिक निरिक्षण निर्देशनको अनुगमन | निरिक्षण गरीने संख्या | - | - | १३ | १३ | १२ | १३ | १३ | १२ | १३ | १२ | १३ | १४ | १५ | १४३ |
| | निर्देशन अनुगमन गरीने संख्या | | १२ | ११ | १२ | ११ | १२ | १२ | ११ | १२ | ११ | १२ | १३ | १४ | १४३ |

.................... ....................

तयार गर्ने प्रमाणित गर्ने

फाराम नं :- १२

# रुकुमकोट जिल्ला अदालत

## रुकुम (पूर्वी-भाग)

आर्थिक वर्ष २०७५/०७६ को कार्यान्वयन योजना

लक्ष्य निर्धारण फाराम नं. १२ ब्यवस्थापकीय कार्यको मासिक लक्ष्य निर्धारण फाराम

| **कार्यको बिषय** | **मासिक रुपमा सम्पन्न गर्नु पर्ने कार्यहरुको लक्ष्य** | | | | | | | | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | बैसाख | जेठ | असार | |
| वैतनिक कानून ब्यवसायीबाट कारागार भ्रमण पटक | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४८ (यो जिल्लामा कारागार नभएको) |
| काउन्सिलिङ्क सेवा संचालन पटक | कार्य दिनमा नियमित रुपले काउन्सेलिङ् सेवा संचालन गरीने । | | | | | | | | | | | | |
| न्यायिक सार्वजनिक संवाद (Judicial outreach) संचालन | - | - | १ | - | - | - | १ | - | १ | - | १ | - | ४ |
| Meet the judge कार्यक्रम | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १२ |
| योजनाको प्रगति समिक्षा पटक | - | - | १ | - | - | १ | - | - | १ | - | - | १ | ४ |
| योजना कार्यान्वयनको सम्बन्धमा सरोकारवालाहरुसंग अन्तरक्रिया | - | १ | - | - | १ | - | - | १ | - | १ | - | - | ४ |
| तामेल्दार र स्थानिय निकायका सचिवहरु बिच अन्तरक्रिया | - | - | - | - | १ | - | - | - | - | १ | - | - | २ |
| सडाउनु पर्ने कागजातहरु सडाउने मिसिल संख्या | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| न्याय क्षेत्र समन्वय समितिको बैठक पटक | - | १ | - | - | - | १ | - | - | - | १ | - | - | ३ |
| बार र सरकारी वकिलसंग अन्तरक्रिया पटक | - | १ | - | - | १ | - | - | - | | - | - | १ | ३ |
| संचारकर्मीहरुसंग अन्तरक्रिया पटक | - | - | - | - | १ | - | - | - | - | - | - | १ | २ |
| जिल्ला बाल न्याय समन्वय समितिको बैठक | - | - | - | - | १ | - | - | - | १ | - | - | - | २ |
| मेलमिलापकर्ता हरुसँग अन्तरक्रिया | - | - | - | १ | - | - | - | १ | - | - | - | - | २ |

# परिच्छेद- ४

# समस्या, चुनौती, भईरहेका प्रयास र हाम्रो अपेक्षा

## ४.१ समस्या

संघीय गणतन्त्र नेपालको संविधान कार्यान्वयनको क्रममा सवैभन्दा कान्छो अदालतका रुपमा स्थापित यस अदालतले सामाना गर्नु परेका केही समस्याहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

- अदालतको आफ्नो भवन नहुनु, जिल्ला सदरमुकाममा कार्यालय संचालन गर्न उपर्युक्त हुने किसिमको भवनको अभाव र भाडामा संचालन गरिएको भवनपनि कार्यालय प्रयोजनका लागि उपर्युक्त नभएको,
- नेपाल सरकार मन्त्रीपरिषदको जिल्ला सदरमुकाम सार्ने निर्णयले थप अन्योलता सृजना गरेको,
- जिल्लामा नै विधुत व्यवस्थापन प्रभावकारी नभएको र बारम्वार विधुत गई रहने अवस्था विधमान रहेको,
- टेलीफोन, ई मेल र इन्टरनेट जस्ता सूचना प्रविधीको सुलभ पहुँच नभएका कारण ( चिसो र पानी पर्नासाथ अवरुद्द हुने ) सर्वोच्च अदालत र उच्च अदालतमा समेत नेटवर्किङ् मार्फत नियमित जोडिन नसकिएको,
- अदालत मातहतका कार्यक्षेत्र भौगोलिक रुपमा विकट, सवै क्षेत्रमा सवारीका साधन पुग्न नसकेको, सडक सुविधा पुगेका स्थानमा पनि यातायात नियमित रुपमा चल्ने नगरेको अवस्थामा सवारी साधन ( मोटर साइकल, साइकल ) को व्यवस्था नभएका कारण म्याद तामेली लगायत फैसला कार्यान्वयन समयमा गर्न नसकिएको,
- अदालतलाई चाहिने मात्रामा कम्प्यूटर, ल्यापटप, प्रिन्टरको व्यवस्था हुन नसकेको,
- वजेटको सबै शिर्षकमा नियमित अदालतमा जस्तो गरी वजेट छुट्टाइएको जस्लेगर्दा भौतिक पूर्वाधार निमार्णमा कठिनाई रहेको,
- आवश्यक कानूनी किताब तथा अन्य सन्दर्भ सामाङ्ग्रिको अभाव,
- अदालत व्यवस्थापनका लागि आवश्यक भौतिक, आर्थिक, प्रविधिगत र दक्ष मानविय जनशक्तिको अभाव रहेको ।

## ४.२ चुनौतीहरु

- कार्य योजनाले निर्धारण गरेका लक्ष निर्धारित समय र लागतमा हासिल गर्ने,
- छिटो, छरितो र प्रभावकारी न्याय निस्पादन गर्दै अदालतप्रतिको जनविश्वास र आकर्षण वृद्दि गर्ने ।

## ४.३ भएका प्रयास र कामहरुः-

- ✓ अदालतको नियमित संचालन र व्यवस्थापनका लागि कार्यालय भवन भाडामा लिई संचालन गरिएको,
- ✓ कार्यालयमा भौतिक, आर्थिक र मानविय स्रोतसाधनको व्यवस्थापन गर्दै गरिएको,
- ✓ मुद्दा दर्ता, अभिलेख व्यवस्थापन, बयान, बकपत्र, फैसला तथा आदेश लेखन कम्प्यूटराइज गर्ने गरिएको,
- ✓ इजलास व्यवस्थापनका लागि इजलास निर्माण, चेम्बर निर्माण गरिएको,
- ✓ अदालतमा श्रेस्तेदार कक्ष, सुपरिटेण्डेण्ट कक्ष, मुद्दा दर्ता शाखा, मुद्दा शाखा, तहसिल शाखा, अभिलेख शाखा, बाल इजलास, बन्द इजलास, सूचना प्रविधि कक्ष, सेवाग्राही विश्राम कक्ष आदीको व्यवस्था गरिएको,
- ✓ सेवाग्राहीका लागि शुद्द पिउने पानीको व्यवस्था गरिएको,
- ✓ नागरीक बडापत्रको राखिएको,
- ✓ नियमित रुपमा कर्मचारीहरुको बैठक बसी अन्तर्क्रिया र छलफल गर्ने गरिएको,
- ✓ जिल्ला न्यायाधिवक्ता, प्रहरी प्रमुख र जिल्लामा उपलब्ध कानून व्यावसायीसंग नियमित अन्तर्क्रिया र छलफल हुने गरेको
- ✓ अर्ध न्यायिक निकायहरुसंग नियमित रुपमा छलफल तथा अन्तर्क्रिया गर्ने र निरिक्षण गर्ने गरिएको
- ✓ जिल्ला न्यायक्षेत्र समन्वय समितीको बैठक बसी न्यायिक गतिविधीका बारेमा छलफल गर्ने गरिएको,
  - ✍ उच्च अदालत तुलसिपुरका माननिय मुख्य न्यायाधीश श्री नहकुल सुवेदीको प्रमुख आतिथ्यतामा जिल्ला न्यायक्षेत्र समन्वय समितीको बैठक बसी न्यायिक गतिविधीका बारेमा छलफल गरिएको,
- ✓ अदालतमा वैतनिक कानून व्यावसायीको नियुक्ति व्यवस्था गरी सेवा पुर्याउने कार्य गरिएको,
- ✓ अदालतका प्रयोगकर्ताका लागि आवश्यक पर्ने लिखतको टेमप्लेट तयार गरी सेवा दिने कार्य संचालन गरिएको जसका लागि सूचना तथा सहयोग कक्षको छुट्टै व्यवस्था गरिएको,
- ✓ अदालतले प्रवाह गर्ने सेवाका विषयमा नागरीक समाज, स्थानिय निकायका पदाधिकारी बिच नियमित अन्तर्क्रिया गर्ने गरिएको,
- ✓ न्यायिक सूचना प्रवाह प्रणालीलाई प्रभावकारी बनाउन पत्रकार र नागरीक समाजसँग नियमित अन्तर्क्रिया कार्यक्रम संचालन गर्ने गरिएको,

- ✓ अदालतका गतिविधीहरुलाई जनता समक्ष जानकारी गराउनका लागि रुकुम पूर्वी जिल्ला, सिस्ने गा.पा. वडा नं ५ स्थित श्री रुक्मिणी उच्च मा. वि. मा जनतासँग बाह्य पहुँच कार्यक्रम भव्य रुपमा सम्पन्न गरिएको,
- ✓ मुद्दा व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन मुद्दामा टिपोटको व्यवस्था गर्न थालिएको,
- ✓ अदालतमा फोटोकपीको व्यवस्था गरी सेवा प्रवाह गर्ने गरिएको,
- ✓ अदालतलाई सर्वोच्च अदालत र उच्च अदालतको सूचना नेटवर्किङ्मा प्रभावकारी रुपमा आवद्द गर्ने गरिएको,
- ✓ न्याय निस्पादनको कार्यलाई प्रभावकारी बनाउन नियमित सुपरिवेक्षण र निरिक्षण गर्ने कार्य भएको,
- ✓ अदालतमा कार्यरत जनशक्तिलाई सेवा प्रवाहमा सक्षम, चुस्त र दुरुस्त राख्न आन्तरिक रुपमा र विभिन्न तहका अदालत र निकायबाट प्रदान गरीने तालिम तथा अनुशिक्षणको व्यवस्था गर्ने र सहभागी गराउने गरिएको,
- ✓ बाल न्याय प्रणालीलाई प्रभावकारी बनाउन बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सँस्थासंग नियमित अन्तरक्रिया गर्ने गरिएको,
- ✓ मेलमिलाप पद्दतिलाई प्रभावकारी बनाउन मेलमिलापकर्तालाई सूचिकृत गर्ने र मेलमिलापको माध्यमबाट विवादको स्थायी सामाधान खोज्ने गरिएको,
- ✓ लेखापढी व्यावसायीको परिक्षा संचालन गरी योग्यलाई लेखापढी व्यावसायीको प्रमाणपत्र दिने कार्य गरिएको,
- ✓ अदालतको कार्यक्षेत्रमा मगर खाम भाषाको वाहुल्यता भएकाले मगर खाम भाषाको र अंग्रेजी र हिन्दी भाषाका अनुवादक व्यक्तिको सुची तयार गरी सेवा प्रवाह गर्ने कार्य प्रारम्भ गरिएको।

## ४.४ अदालतले तत्काल र नियमित रुपमा गर्नु पर्ने कार्यहरुः-

- ✍ अदालतको आफ्नै भवन र न्यायाधीश आवाश निर्माणका लागि जग्गा उपलब्ध गर्ने तर्फ सरोकारवाला निकायहरुसंग सहयोग, समन्वय र छलफल जारी राख्दै अविलम्ब जग्गाको व्यवस्था गर्ने,
- ✍ अर्ध न्यायिक निकायहरुसंग छलफल तथा अन्तर्क्रिया गर्ने र निरिक्षण गर्ने,
- ✍ जिल्ला न्यायक्षेत्र समन्वय समितीको बैठक बसी न्यायिक गतिविधीका बारेमा छलफल गर्ने,
- ✍ अदालतका प्रयोगकर्ता र अदालतबिच समय समयमा अन्तर्क्रिया कार्यक्रम संचालन गर्ने,
- ✍ वैतनिक वकिलको नियुक्ति भई सकेकाले निजलाई कारागारको निरिक्षण गर्न लगाई प्रतिवेदन माग्ने,
- ✍ अदालतले प्रवाह गर्ने सेवाका विषयमा नागरीक समाज, स्थानिय निकायका पदाधिकारी बिच अन्तर्क्रिया गर्ने,
- ✍ अदालत स्थापनाको शुरुवाती समय भएकाले जनतासंग अदालत कार्यक्रमलाई सवै स्थानिय निकायमा लैजाने,
- ✍ न्यायिक सूचना प्रवाह प्रणालीलाई प्रभावकारी बनाउन पत्रकार र नागरीक समाजसँग अन्तर्क्रिया कार्यक्रम संचालन गर्ने,
- ✍ अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउन छिनुवा मिसिललाई कम्प्यूटरमा अभिलेख गर्ने,

- ✍ अदालतलाई सर्वोच्च अदालत र उच्च अदालतको सूचना नेटवर्किङ्मा प्रभावकारी रुपमा आवद्द गर्ने,
- ✍ न्याय निस्पादनको कार्यलाई प्रभावकारी बनाउन नियमित सुपरिवेक्षण र निरिक्षण गर्ने,
- ✍ अदालतमा कार्यरत जनशक्तिलाई नियमित तालिम तथा अनुशिक्षणको व्यवस्था गर्ने,
- ✍ बाल न्याय प्रणालीलाई प्रभावकारी बनाउन बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सँस्थासंग नियमित अन्तरक्रिया गर्ने,
- ✍ मेलमिलाप पद्दतिलाई प्रभावकारी बनाउन मेलमिलापकर्तालाई सूचिकृत गर्दै लैजाने,
- ✍ लेखापढी व्यावसायीको परिक्षा संचालन गरी योग्यलाई लेखापढी प्रमाणपत्र दिने कार्यलाई समयानुसार निरन्तरता दिने ।

## ४.५ धन्यवाद तथा आभार प्रकट

नेपालको सवैभन्दा कान्छो अदालतका रुपमा स्थापित यस अदालतको समुद्घाटन समाहरोह मिति २०७४/९ /२८ गतेका दिन सम्माननिय प्रधान न्यायाधीश श्री गोपाल प्रसाद पराजुलीज्यूबाट हुनु हाम्रो लागि र यस जिल्लाकै लागि गौरव र खुसीको विषय बनेको छ । समुद्घाटन समाहरोहमा प्रमुख अतिथीका रुपमा सम्माननीय प्रधान न्यायाधीशज्यूको उपश्थिती र सारगर्भित मन्तव्यका लागि अदालत उहाँप्रति हार्दिक आभार प्रकट गर्दछ । उद्घाटन समाहरोहमा सहभागिता र मन्तव्यका लागि कानून तथा न्याय मन्त्री माननिय यज्ञ बहादुर थापाज्यू, संघीय प्रतिनिधी सभाकी सदस्य माननिय कमला रोकाज्यू, सर्वोच्च अदालतका तत्कालिन मुख्य रजिष्ट्रार श्री नहकुल सुवेदीज्यू, उच्च अदालत तुलसीपुरका माननीय न्यायाधीशज्यूहरु, विभिन्न जिल्ला अदालतबाट निमन्त्रणालाई स्विकार गरी पाल्नु भएका जिल्ला न्यायाधीशज्यू लगायत सवै राजनितिक दल, नागरीक समाज र आम जनसमुदायमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछौ, अदालत स्थापना र कार्य संचालनको छोटो समयमा नै मिति २०७४/ / गते उच्च अदालत तुलसीपुरबाट यस अदालतको नियमित निरिक्षण भई आवश्यक सल्लाह, सुझाव र निर्देशन प्रदान गर्नु भएकोमा माननिय न्यायाधीश श्री नित्यानन्द पाण्डेज्यू लगायत निरिक्षण टोलीका सम्पूर्ण सदस्य प्रति आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छौं, उच्च अदालत तुलसीपुरका माननिय मुख्य न्यायाधीश श्री नहकुल सुवेदीज्यूबाट मिति २०७५/ २/२८ गतेका दिन यस अदालतको आकस्मिक निरिक्षण, न्याय क्षेत्र समन्वय समितिको बैठकको प्रमुख आतिथ्यता, मेलमिलाप केन्द्रको उद्घाटन र देवानी तथा फौजदारी सहिंताको विषयमा संचालित प्रशिक्षण कार्यक्रमको समुद्घाटन तथा सहजीकरण गर्दे अदालतको सुधार र प्रभावकारी व्यवस्थापनका लागि प्रदान गर्नु भएको सल्लाह, सुझाव र निर्देशनका लागि यस अदालत उहाँ प्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछौं ।

## ४.६ यस अदालतको अपेक्षा

हामी अहिले पुर्वाधार निमार्णको चरणमा छौं, व्यवस्थापनका क्रममा केहि कठिनाई र समस्याहरु झेल्नु परेको छ तथापी आफ्ना नियमित कार्य सञ्चालनका लागि आफ्नो स्तरबाट गर्नुपर्ने प्रयासहरु जारी राख्दै सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालत तुल्सीपुरको समेतको सल्लाह, सुझाव र निर्देशन बमोजिम अदालती कामकारवाहीलाई चुस्त र दुरुस्त पार्दै हालसम्म उपलब्ध स्रोतसाधनको अधिकाधिक उपयोग गरी सेवाग्राहिलाई छिटो, छरितो र भरपर्दो सेवा प्रवाहका लागि हामी कटिवध्द छौं । यस अदालतको थप सुधारका लागि सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालतको सहयोग, समन्वय र निर्देशनबिना प्राय; असम्वभ नै हुनेहुँदा भौतिक पुर्वाधार निर्माणको लागि आवश्यक वजेट तथा दक्ष जनशक्तिको उपलब्धता र अदालतको जग्गा प्राप्ती र भवन निर्माण समेतका लागि सम्मानित निकायबाट यथासमयमै सम्बोधन हुने छ भन्ने हाम्रो अपेक्षा रहेको छ ।

**अनुसुची - १**

# रुकुमकोट जिल्ला अदालत

## रुकुम (पूर्वी भाग)

यस अदालतमा हाल कार्यरत जनशक्तिको विबरण

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर भूसाल | जिल्ला न्यायाधिश | |
| २ | श्री खुम प्रसाद भण्डारी | श्रेस्तेदार | |
| ३ | श्री बिष्णु प्रसाद पाण्डे | सुपरिटेण्डेड शा.अ. | |
| ४ | जसवीर खत्री | ना.सु. | |
| ५ | चन्द्र बहादुर चौधरी | ना.सु. | |
| ६ | टिकाराम न्यौपाने | ना.सु. | |
| ७ | तारा अधिकारी | ना.सु | |
| ८ | सियाराम प्रसाद यादव | क.अ. | |
| ९ | अमित चौधरी | क.अ. | |
| १० | अमृत प्रसाद शर्मा | ना.सु | |
| ११ | मिना के.सी. | ना.सु | |
| १२ | करुणा कँडेल | ना.सु | |
| १३ | सन्जु ऐरी | ना.सु | |
| १४ | नबिन कुमार खड्का | ता.डि. | काज |
| १५ | दुर्गा बहादुर जि.एम. | ता.डि. | |
| १६ | भक्त बहादुर वि.क. | ता.डि. | |
| १७ | सुन्दरलाल चौधरी | ह.स.चा. | करार |
| १८ | खिम बहादुर के.सी. | का.स. | |
| १९ | रविना बुढा | का.स. | |
| २० | जालमाया रोका | का.स. | |
| २१ | हिरा वि.क. | का.स. | |